आज मिति २०८३ साल असार ११ गते बिहीबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ६२ (बैसट्ठीऔं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

**<u>उपस्थिति</u>**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा
२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा
३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ
४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ
५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी
६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की
७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ
८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.
९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा
१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ
११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा
१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय
१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ
१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा
१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ
१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान
१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ
१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ
१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार
२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)
२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली
२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
३. भेरियसन अडर (VO) गर्ने सम्बन्धमा।
४. नगर शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा।
५. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।
६. निर्णय अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा।
७. विविध

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

मिति २०८३/०१/२५ गते, २०८३/०२/२२ गते र २०८३/०३/०२ गते बसेको आर्थिक विकास समितिको प्रोटिन बेट वितरण कार्यक्रम, किसान सूचीकरण कार्यक्रममा सम्पर्क अधिकारी संचार खर्च, कृषि सामाग्रीहरुको दररेट, मिनिटिलर वितरण, मिनीटिलरको साझेदारी रकम दाखिला, कृषक सम्मान सम्बन्धी भएको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने।

तपसिलः

१. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत प्रोटिन बेट वितरण कार्यक्रमबाट औंसा किरा नियन्त्रणका लागि आवश्यक प्रोटिन बेट लक्षित कृषकहरूलाई निःशुल्क वितरण गर्ने।
२. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत संघीय सशर्त किसान सूचीकरण कार्यक्रममा सम्पर्क अधिकारीलाई किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्च मापदण्ड (नर्म्स) २०८२ को दफा ३ उपदफा ३ बमोजिम सञ्चार खर्चको रुपमा एकमुष्ठ रकम रु २००० तोक्ने।
३. नमोबुद्ध नगरपालिकाको मिति २०८३/०२/०६ गतेको सूचना अनुसार प्राप्त भएका कोटेसन तुलना गरी तपसिल अनुसारको औषत मूल्यलाई कार्यालयको दररेट कायम गर्ने।

निर्णय प्रमाणीकरण

| क्र.सं. | सामग्रीको नाम | परिमाण | ईकाइ | दर |
|---|---|---|---|---|
| १ | टनेल प्लाष्टिक UV १०० Micron | १ | Sq. meter | ८५.३३ |
| २ | पोखरी प्लाष्टिक २०० GSM (१०m x १२m) | १ | Pcs | २६,३३३.३३ |
| ३ | पोखरी प्लाष्टिक २०० GSM (६m x ८m) | १ | Pcs | १०,६००.०० |
| ४ | प्लाष्टिक क्रेट | १ | Pcs | ७८०.०० |
| ५ | Secateurs | १ | Pcs | ५००.०० |
| ६ | Weighing Balance 50 kg | १ | Pcs | ११,३३३.३३ |
| ७ | Weighing Balance 100 kg | १ | Pcs | १४,०००.०० |
| ८ | Knapsack Sprayer Manual 16 liter | १ | Pcs | २,०००.०० |
| ९ | Knapsack Sprayer Manual with Electric 16 liter | १ | Pcs | ४,०६६.६७ |
| १० | Plastic Hajari 5 liter | १ | Pcs | ३५८.३३ |
| ११ | Plastic Hajari 10 liter | १ | Pcs | ६९०.०० |
| १२ | Mulching Plastic (40 Micron) | १ | Pcs | ८,०००.०० |
| १३ | Nursery Tray with 50 holes | १ | Pcs | ९०.०० |
| १४ | Cocopeat | १ | kg | ७८.६७ |
| १५ | गोलभेंडा बीउ (कर्मा ७७७) | १ | ग्राम | १९६.६७ |
| १६ | करेला बीउ (पाली) | १ | ग्राम | ४३.३३ |
| १७ | काउली बीउ (Silver Cup ) | १ | ग्राम | ७६.६७ |
| १८ | काउली बीउ (NS 60 N ) | १ | ग्राम | ७५.०० |

४. आर्थिक वर्ष २०८२/०८३ को नमोबुद्ध नगरंपालिका, कृषि विकास शाखा तथा वडा नम्बर ०८ को विनियोजित बजेटबाट खरिद गरिएको मिनिटिलरहरु ४० वटाको दरले सम्बन्धित वडामा वितरण गर्ने र बाँकी रहेको मिनिटिलरहरु आर्थिक वर्ष २०८१/०८२ मा मिनिटिलर वितरण गर्न अपुग भएको १८ थान मिनिटिलर र ५५ थान मिनिटिलर नगर प्रमुखज्यूको सिफारिसमा आवश्यकता तथा प्राथमिकताको आधारमा वितरण गर्ने साथै वडा नम्बर ०८ को वडागत रुपमा विनियोजित बजेट शिर्षकबाट ४ थान मिनिटिलर वितरण गर्ने।

५. आर्थिक वर्ष २०८२/०८३ को नमोबुद्ध नगरपालिकाबाट वितरण गर्ने मिनिटिलरको कृषकको साझेदार रकम रु.१४,५००/- (अक्षेरुपी चौध हजार पाँच सय) नगरपालिकामा दाखिला गरे पश्चात दोहोरापना नहुने गरी मिनिटिलर वितरण गर्ने।

निर्णय प्रमाणित

६. नमोबुद्ध नगरपालिका भित्रका विभिन्न वडामा कृषि तथा पशुपंक्षी व्यवसाय संचालन गरी रहेका कृषकहरुलाई सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएका प्रत्येक वडाबाट २/२ जना उत्कृष्ट कृषकहरुलाई मिति २०८३/०३/१५ गते राष्ट्रिय धान दिवसको अवसरमा कर सहित नगद रु. १०,००० (दश हजार) र प्रमाणपत्रबाट सम्मान गर्ने।

**निर्णय नम्बर ३:**

आर्थिक वर्ष २०८२/०८३ को विभिन्न बजेट श्रोतबाट प्राप्त योजनाहरु कार्यान्वयनको क्रममा स्थानीय वडाबासीहरुको माग बमोजिम थप कार्य गर्न पर्ने र आईटमहरुमा थपघट गर्नुपर्ने भएकोले देहायका योजनाहरुमा पेश भए बमोजिम नियमानुसार भेरियसन अडर (VO) गर्ने।

देहायः

| क्र.म. | योजनाको नाम | स्थान | बजेट श्रोत | थप गर्नुपर्ने कार्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | फुलबारी-बुच्चाकोट सडक र ताल्लो चौर मानेगाउँ तामाङ बस्ति (NMUN/NCB/WOKRS/12/082/083) | वडा नम्बर ०१ | संघीय सरकार शसर्त बजेट | ढलान कार्य | |
| २. | गैरापाटि उकालो कोटपरी कार्कीछेडा सडक (NMUN/NCB/WOKRS/13/082/083) | वडा नम्बर ०९ | संघीय सरकार शसर्त बजेट | थप लम्बाईमा कार्य गरेको | |
| ३. | Additional Construction and Maintenance Works at Ward Health post (1,2,3,4,5,8,9,10&11) (NMUN/NCB/WOKRS/10A/082/083) | वडा नम्बर ०१, ०२, ०३, ०४, ०५, ०८, ०९, १० र ११ | संघीय सरकार विशेष अनुदान | आईटमहरु थपघट | |
| ४. | नौबिसे पुजारीटापु साउनेडाँडा वडा कार्यालय सडक (NMUN/NCB/WOKRS/4/082/083) | वडा नम्बर ०७ | संघीय सरकार समपुरक अनुदान | आईटमहरु थपघट | |
| ५. | Medical Store for the Health Section (NMUN/NCB/WOKRS/9A/082/083) | नगरस्तरीय | संघीय सरकार विशेष अनुदान | आईटमहरु थपघट | |

निर्णय प्रमाणित

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपलिकाले तयार गरेको नगर शिक्षा योजना, २०८३ (२०८३-२०९२) लाई स्वीकृत गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपलिकाको दोश्रो नगर सभाको नवौं अधिवेशन (बजेट अधिवेशन) को मिति २०८३/०३/१६ गते बस्ने दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु:

१. लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।
२. नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूबाट मिति २०८३/०३/०८ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम दोश्रो नगर सभाको नवौं अधिवेशन (बजेट अधिवेशन)को दोश्रो बैठकमा छलफल र संशोधन सहित स्वीकृतका लागि पेश गर्ने।
३. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीज्यूबाट मिति २०८३/०३/०८ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ हालसम्मको वित्तीय तथा भौतिक प्रगति विवरण दोश्रो नगर सभाको नवौं अधिवेशन (बजेट अधिवेशन)को दोश्रो बैठकमा छलफल सहित स्वीकृतका लागि पेश गर्ने।
४. सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट मिति २०८३/०३/०८ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक, २०८३ र सोसँग सम्बन्धित अनुसूचीहरु दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा छलफल र संशोधन सहित स्वीकृतका लागि पेश गर्ने।
५. वडा अध्यक्ष श्री विर बहादुर लामाज्यूबाट मिति २०८३/०३/०८ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक, २०८३ र सोसँग सम्बन्धित अनुसूचीहरु दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा छलफल र संशोधन सहित स्वीकृतका लागि पेश गर्ने।

६. नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट मिति २०८३/०३/०८ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को यथार्थ र आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय व्यय विवरण सहितको वार्षिक विकास योजना (बजेट तथा कार्यक्रम),२०८३ छलफल र संशोधन सहित दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

७. महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण भई नमोबुद्ध नगरपालिकालाई प्राप्त भएको प्रतिवेदनलाई आधार मानि सार्वजनिक लेखा समितिले तयार गरेको प्रतिवेदनमा उल्लेख नियमित गर्नुपर्ने बेरुजुलाई नियमानुसार नियमित गरी फर्छ्यौट गर्नका लागि सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूहरुबाट सार्वजनिक लेखा समितिको प्रतिवेदन माथि छलफल गरी दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

८. नमोबुद्ध नगरपालिकाका नगर उप-प्रमुख तथा न्यायिक समितिका संयोजक श्री रत्न बहादुर लामाज्यूबाट मिति २०८३/०३/०८ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको न्यायिक समितिको प्रतिवेदन दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

९. नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२ पौष २९ गते देखि २०८३ असार १६ गते सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु, अनुगमन समितिको प्रतिवेदन, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरुबाट भएको आदेश तथा निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१०. दोश्रो नगर सभाको नवौं अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने गराउने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्न दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

११. नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ बाट अ.ल्या. भई चालु आर्थिक वर्ष २०८२/०८३ मा खर्च भएका र आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको विभिन्न शीर्षक तथा गत आर्थिक वर्षबाट अ.ल्या. भई आएका शिर्षकहरुमा २०८३ असार मसान्त सम्म खर्च भएको खर्चको फाँटबारी अनुसारका खर्च तथा खर्च प्रकृया र आर्थिक प्रगति विवरण अनुमोदनका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१२. चालु आर्थिक वर्ष २०८२/०८३ को लागि विविध कारणले अनुमान गरे अनुसारको आर्थिक लक्ष्य प्राप्त गर्न र संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट अनुमानित वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँडको रकम साथै नगरपालिकाबाट अनुमानित रहेको आन्तरिक श्रोत, मालपोत,

निर्णय प्रमाणित

रजिष्ट्रेशन लगायतका श्रोतहरुको रकम प्राप्त हुन नसेकेका कारणले चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कार्यदेश भएका र कार्यान्वयन भएका तर भुक्तानी हुन बाँकि रहन जाने नगरस्तरीय तथा वडास्तरीय आयोजना/कार्यक्रमहरुको सम्बन्धमा बजेट सहित योजना शिर्षक आ.ल्या गरी यस आर्थिक वर्षमा खर्च नभई मौज्दात रहने रकम र आर्थिक वर्ष २०८३/०८४ को लागि विनियोजन भएको अ.ल्या योजना भुक्तानी शिर्षकबाट व्यहोरिने गरी भुक्तानी गर्नका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१३. दोश्रो नगर सभाको सातौं अधिवेशनबाट आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा विनियोजन भएका योजना, कार्यक्रम तथा बजेट शिर्षकमा भएका संशोधनहरु अनुमोदनका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१४. नगर सभाबाट निर्णय गर्नुपर्ने विषय तर तत्काले निर्णय गरी निकास लिनुपर्ने अवस्था भएमा र तत्काल नगर सभाको बैठक नबसेको वा बस्न नसक्ने अवस्थामा समेत नगर प्रमुखज्यूको समन्वयमा कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने र यसरी निर्णय गरिएका सम्पूर्ण विषय अनुमोदनको लागि तत्पश्चात बस्ने नगर सभाबाट अनुमोदन गर्ने गरी अधिकार प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१५. महालेखा परीक्षकको कार्यालयबाट नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परिक्षण भई प्रारम्भिक प्रतिवेदन प्राप्त भई सोको प्रतिक्रिया पठाई अन्तिम प्रतिवेदन समेत प्राप्त भएकोले उक्त प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेख भई आएका सुझावहरु कार्यान्वयन गर्ने गरी प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदन र जिन्सी निरीक्षण प्रतिवेदन स्वीकृतका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१६. आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, बजेट तथा कार्यक्रममा कुनै पनि शिर्षकहरुमा रहेको एकमुष्ट बजेट तथा यस आर्थिक वर्ष भित्र कुनै प्रकारको एकमुष्ट बजेट प्राप्त भएमा वा कुनै निकायबाट त्यस्तो बजेट तथा कार्यक्रम प्राप्त भएमा त्यो बजेट बाँडफाँड तथा योजना छनोट गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१७. दोश्रो नगर सभाको सातौं अधिवेशनबाट आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा एकमुष्ट रहेको बजेट, नगरस्तरीय विभिन्न योजना संचालन लगायतका शिर्षकमा रहेको बजेट, कुनै पनि शिर्षकहरुमा रहेको एकमुष्ट बजेट तथा यस आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न शिर्षकमा प्राप्त भएको एकमुष्ट बजेट वा कुनै निकायबाट प्राप्त भएको बजेट तथा कार्यक्रममा विनियोजन भएको रकमबाट संचालित विभिन्न नगरस्तरीय तथा वडास्तरीय योजनाहरु अनुमोदनका लागि प्राप्त भएमा त्यो बजेट बाँडफाँडमा

विनियोजन भएका योजना, कार्यक्रम तथा बजेट शिर्षकमा भएका संशोधनहरु अनुमोदनका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१८. नमोबुद्ध नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट पेश भई आएको आर्थिक वर्ष २०८२/०८३ र २०८३/०८४ को बागमती प्रदेश सरकारबाट स्वीकृत जनप्रतिनिधिहरुको सेवा तथा सुविधा तथा हाल कार्यरत सम्पूर्ण सेवाका कर्मचारीहरुको तलवी प्रतिवेदन स्वीकृत गर्नका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१९. नगर कार्यपालिका बैठकबाट पेश हुने विशेष तथा विविध निर्णयहरु अनुमोदनको लागि वडा अध्यक्ष श्री धर्म सिं लामाज्यूबाट दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा छलफल सहित अनुमोदनका लागि पेश गर्ने।

२०. नमोबुद्ध नगरपालिकामा गठन भएका विभिन्न विषयगत समितिको प्रतिवेदन सम्बन्धित समितिका संयोजकज्युहरुबाट मिति २०८३/०३/०८ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको प्रतिवेदन दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

छलफलका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

२१. नमोबुद्ध नगरपालिकाको दोश्रो नगरसभाको नवौं अधिवेशन सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनु हुने यस नगरका निर्वाचित सबै जनप्रतिनिधिहरु, नगर सभा सदस्य, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, संघीय सरकार, बागमती प्रदेश सरकार, प्रतिनिधि सभा सदस्य, बागमती प्रदेश सभा सदस्य, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, प्राज्ञिक व्यक्तित्वहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, संचारकर्मी लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नका लागि दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

<u>निर्णय नम्बर ६:</u>

माथि उल्लेखित निर्णय नम्बर ०२ का प्रस्तावहरु स्वीकृत गरी दोश्रो नगर सभाको नवौं अधिवेशनको दोश्रो बैठकमा अनुमोदनका लागि पेश गर्ने।

निर्णय प्रमाणीकरण